# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
प्रदेश नं. २, नेपाल
(राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, सेवा इकाई)


पत्र संख्या: २०७८।०७९
चं.नं. ३६

मिति:२०७९।०४।०२

श्री वडा कार्यालय सबै
मिथिला नगरपालिका,धनषा ।

**विषय :सामाजिक सुरक्षा भत्ता परिचपत्र नवीकरण तथा लाभग्राही सूचिकरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियामावली,२०७६ (पहिलो संशोधन) को नियम ९ अनुसार सामाजिक सुरक्ष भत्ता वितरण कार्यविधि २०७७ को दफा ४ अनुसानर सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नु पर्ने भए बमोजिम यंस नगरपालिका अन्तगतका ११ वटै वडा कार्यालयहरुमा समाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धीत वडा कार्यालयमा तोकिएको अनुसूची २ बमोजिम ढाँचा तपशिल बमोजिमका कागजातहरु सहित निवेदन दिई मिति २०७९।०४।०२ गते देखि २०७९ भदौ मसान्त सम्म आफ्नो परचिय पत्र नवीकरण गराउन हुन सुचित गरिन्छ । साथै बालबालिका,पुर्ण अपाङ्गता भएका, ९० वर्ष माथिका जेष्ठ नागरिक आफै उपस्थित हुन नसकेको हकमा संरक्षक वा स्याहार गर्ने व्यक्तिले निवेदन दिन सक्ने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

साथै नेपाल सरकारको आ.व. २०७९।८० को बजेट वक्तव्यमा ६८ वर्ष उमेर पुरा भएकालाई जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता दिने उल्लेख भएको र सोही बमोजिम हुनगरी सामाजिक सुरक्षा ऐन ,२०७५ मा संशोधन समेत भईरहेकोले ऐ.एन, २०७५ को दफा (१२) र सामाजिक सुरक्ष नियमावली,२०७६ को नियम (५) बमोजिम त्यस्ता लाभग्राहीहरुको निवेदन प्राप्त गरी लाभग्राही सूचिकरण प्रक्रिया अगाडि बढाउनुहुन अनुरोध छ । साथै, नागरिकता प्रमाणपत्रको सक्कलै हेरी परिचयपत्र नवीकरण तथा नयाँलाभग्राही सूचिकरण गर्ने र नागरिकता प्रमाणपत्रमा उल्लिेखित जन्म मिति लगायतको विवरणमा कुनैअस्पष्टता भएमा सम्बनधित जिल्ला पशासन कार्यालयबाट अभिलेख झिकाई यथार्थ विवरण यकिन गर्नु गराउनुहुन समेत अनुरोध छ ।

**आवश्यक कागजातहरु:**

१.नागरिकता प्रमाणपत्र साथै ना.प्र.पत्रको फोटोकोपी ।
२. हालसालै खिचेको पासपोर्ट साईजको फोटो ।
३.बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको र संरक्षकको नागरिकताको प्रमाणपत्रको फोटोकोपी ।
४.अपाङ्गताको हकमा नागरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको फोटोकोपी ।
५.विधुवा महिलाको हकमा पतिको मृत्यूदर्ता प्रमाणपत्र र एकल महिलाको हकमा अर्को विवाह नगरेको प्रमाणपत्रको फोटोकोपी ।

नोट : चालु आ.व को प्रथम त्रैमासिकमा सा.सु. भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सा.सु भत्ताको फवार्ड फिड सम्बन्धित बैंकमा पठाउनु अगावै परिचयपत्र नवीकरण गरिसक्नु पर्ने भएको छ ।

रचिन्द्र डङ्गोल
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७९/०८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ९

मिति : २०७९/४/१

मिथिला नगरपालिका
ढल्केबर, धनुषा
दर्ता नं. :- २९
मिति : २०७९/४/३

विषयः सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण सम्बन्धमा।

श्री स्थानीय तह सबै।

सामाजिक सुरक्षा नियमावली (प्रथम संशोधन), २०७६ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) अनुसार सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा आफै उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु पर्ने व्यवस्था रहेको विदितै छ।

सोही सम्बन्धमा, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम (१६) को उपनियम (१२) बमोजिम आ.व २०७८/७९ देखि नेपाल सरकारले त्रैमासिक बजेट निकासाको व्यवस्था गरेको हुँदा सामाजिक सुरक्षा भत्ता समेत त्रैमासिक रुपमा वितरण गर्नु पर्ने भएकोले चालु आ.व को पहिलो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ताको फवार्ड फिड (लाभग्राही सूची) तयार गरी सम्बन्धित बैंकमा पठाउनु अगावै परिचयपत्र नवीकरण गरिसक्नु पर्ने भएको छ। तसर्थ सबै लाभग्राहीहरुको सकेसम्म चाँडै नवीकरण गरी पहिलो त्रैमासिक निकासाबाटै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सुनिश्चितता गर्न आवश्यक व्यवस्थाको लागि अनुरोध छ।

नेपाल सरकारको आ.व २०७९/८० को बजेट वक्तव्यमा ६८ वर्ष उमेर पुरा भएकालाई जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता दिने उल्लेख भएको र सोही बमोजिम हुनेगरी सामाजिक सुरक्षा ऐन, २०७५ मा संशोधन समेत भईसकेकोले ऐ. ऐन, २०७५ को दफा (१२) र सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (५) बमोजिम त्यस्ता लाभग्राहीहरुको निवेदन प्राप्त गरी लाभग्राही सूचीकरण प्रकिया अगाडि बढाउनु हुन निर्णयानुसार अनुरोध छ। साथै, नागरिकता प्रमाणपत्रको सक्कलै हेरी परिचयपत्र नवीकरण तथा नयाँ लाभग्राही सूचीकरण गर्न र नागरिकता प्रमाणपत्रमा उल्लिखित जन्म मिति लगायतको विवरणमा कुनै अस्पष्टता भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय/इलाका प्रशासन कार्यालयबाट अभिलेख झिकाई यथार्थ विवरण यकिन गर्नु गराउनु हुन समेत अनुरोध छ।

२०७९/४/१

(सागर मणि पाठक)
निर्देशक

अवगतार्थः
श्रीमान सचिवज्यू,
गृह मन्त्रालय।
श्री प्रमुख जिल्ला अधिकारीज्यू, सबै।